# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, माघ ११ गते २०५० साल ( संख्या ४०


## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कास्की जिल्लाको देहायबमोजिमको क्षेत्रमा देहायबमोजिमका पदाधिकारी रहने गरी पोखरा उपत्यका नगर विकास समिति गठन गरेको छ ।

क्षेत्र

पूर्वः– रूपाकोट डाँडाको पश्चिम भेग (पानी ढल) हुँदै कोत्रे खोला र सेती नदीको दोभान ।

पश्चिमः– फुस्रे खोलाबाट लुकुमस्वाँरा गाउँ, पुम्दी डाँडा, निर्माण गाउँ र खसपुर गाउँ हुँदै सराङकोट डाँडा, याम्दी खोला र सेती नदीको दोभान ।

उत्तरः– याम्दी खोला र सेती नदीको दोभानबाट लामाचौर, अमाली बिसौनी, वाटुले चौर र काली खोला हुँदै तुलसीघाट, काहुँ डाँडा, अर्वा डाँडा, सुनपनेली, अर्घौं डाँडा र वेगनास डाँडा हुँदै तालवेसीसम्म ।

दक्षिणः– सेती नदी र फुस्रे खोला ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## पदाधिकारीहरू

| | | |
|---|---|---|
| १. | सभापति, जिल्ला विकास समिति, कास्की– | अध्यक्ष |
| २. | प्रमुख, पोखरा नगरपालिका– | उपाध्यक्ष |
| ३. | श्री युवराज श्रेष्ठ, पोखरा नगरपालिका– | सदस्य |
| ४. | श्री तीर्थ श्रेष्ठ, पोखरा नगरपालिका– | " |
| ५. | क्याप्टेन श्री टेकनसिंह गुरुङ, पोखरा नगरपालिका– | " |
| ६. | श्री डिल्लीराम शर्मा, पोखरा नगरपालिका– | " |
| ७. | श्री अशोक पालिखे, पोखरा नगरपालिका, उद्योग वाणिज्य संघ– | " |
| ८. | श्री विश्वप्रकाश सिग्देल, पोखरा नगरपालिका– | " |
| ९. | श्री राजेन्द्रनिधि कोइराला, पोखरा नगरपालिका– | " |
| १०. | श्री विनोद शेरचन, पोखरा औद्योगिक क्षेत्र– | " |
| ११. | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की– | " |
| १२. | क्षेत्रीय निर्देशक, आवास तथा शहरी विकास विभाग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा– | " |
| १३. | क्षेत्रीय निर्देशक, क्षेत्रीय खानेपानी निर्देशनालय, पोखरा– | " |
| १४. | क्षेत्रीय निर्देशक, क्षेत्रीय सडक निर्देशनालय, पोखरा– | " |
| १५. | क्षेत्रीय निर्देशक, क्षेत्रीय वन निर्देशनालय, पोखरा– | " |
| १६. | प्रमुख, जिल्ला मालपोत कार्यालय, कास्की– | " |
| १७. | प्रमुख, पर्यटन सूचना केन्द्र, पोखरा– | " |
| १८. | प्रमुख, स्थानीय नेपाल विद्युत प्राधिकरण, पोखरा– | " |
| १९. | प्रमुख, जिल्ला नापी शाखा, कास्की– | " |
| २०. | आवास तथा भौतिक योजना मन्त्रालयले तोकेको राजपत्राङ्कित अधिकृत– | सदस्य-सचिव |

द्रष्टव्यः (१) मनोनीत सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

खण्ड४०संख्या ३१ मिति २०४७।८।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित पोखरा नगर विकास समितिको गठनसम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

४१C



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।